**मिति :२०७५/६/१५ गते नगर कार्यपालिकाको निर्णय**

प्रस्तावहरु

१. भोर्लेटार बसपार्क गुरुयोजनाको विस्तृत परियोजना प्रतिवेदन (D.P.R) निर्माण सम्बन्धमा ।
२. नेटा स्वास्थ्य चौकी तत्काल संचालनका लागि रकम विनियोजन सम्बन्धमा ।
३. सडक बोर्ड योजना सम्बन्धमा ।
४. योजना सम्झौता सम्बन्धमा ।
५. बाटो मर्मतका लागि रकम विनियोजन सम्बन्धमा ।
६. कार्यविधि पारित गर्ने सम्बन्धमा ।
७. सामाजिक सुरक्षा कार्यविधि कार्यान्वयन सम्बन्धमा ।
८. सोलार जडान तथा ढुवानी खर्च सम्बन्धमा ।
९. करारमा प्राविधिक कर्मचारीको विज्ञापन सम्बन्धमा ।
१०. शहरी स्वास्थ्य केन्द्र तथा सामुदायिक ईकाइ केन्द्र स्थापना सम्बन्धमा ।

निर्णय नं १

प्रस्ताव नं १ उपर छलफल गर्दा भोर्लेटार बसपार्क निर्माणको लागि यस नगरपालिका बाट आर्थिक वर्ष २०७५/७६ मा नगर सभाबाट स्वीकृत रकमबाट भोर्लेटार बसपार्क गुरुयोजनाको विस्तृत परियोजना प्रतिवेदन (D.P.R) निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं २

प्रस्ताव नं २ उपर छलफल गर्दा नेटा स्वास्थ्य चौकीको भवन पहिरोको कारण क्षतिग्रस्त भई स्वास्थ्य सेवा संचालन गर्न कठिनाई भएकोले तत्काल सेवा प्रवाहको लागि वडा नं १० नेटाको वडा कार्यालय भवन माथि तला थप गर्नका लागि रु ५,००,०००।०० (अक्षरेुपि पाँच लाख मात्र) मौज्दात रकमबाट खर्च गर्ने गरी निर्णय गरियो ।

निर्णय नं ३

प्रस्ताव नं ३ उपर छलफल गर्दा यस नगरपालिकाको लागि सडक बोर्ड नेपालबाट प्राप्त रकम बाट तपशिलका योजनाहरु संचालन गर्ने र सोका लागि नगरपालिकाबाट राख्नुपर्ने समपुरक कोष (Matching Fund) वापतको रकम आर्थिक वर्ष ०७५/७६ मा यिनै योजनाको लागि छुट्याइएको रकमबाट व्यवस्थापन गर्ने निर्णय गरियो ।

तपशिल

क) स्वाँरा-निशानचौतारो-हाँडीखोला मोटरबाटो
ख) सोतीपसल-पाण्डेगाँउ-जिताकोट मोटरबाटो

निर्णय नं ४

प्रस्ताव नं ४ उपर छलफल गर्दा नगर सभाबाट आर्थिक वर्ष २०७५/७६ मा पारित भएको योजनाहरु मध्ये उपभोक्ता समितिबाट संचालन हुने योजनाहरु संचालन गर्न आवश्यक प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं ५

प्रस्ताव नं ५ उपर छलफल गर्दा विजय दशमी तथा दिपावली जस्ता ठूला चाडपर्वहरु नजिकिदै गरेको अवस्थामा वर्षाको समयमा बाढी पहिरोको कारणबाट अवरुद्ध भएका नगरपालिका भित्रका सडक, मोटरबाटो तत्काल सरसफाई गरी पहिरो हटाई आवागमन सहज बनाउनको लागि रु. ८,००,०००।०० (अक्षरेऽपि आठ लाख मात्र) सम्बन्धित शीर्षकको मौज्दात रकमबाट व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं ६

प्रस्ताव नं ६ उपर छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्रकाशित तपशिलका कार्यविधिहरु परिमार्जन सहित पारित गर्ने निर्णय गरियो ।

क) मध्यनेपाल नगरपालिका “घ” वर्गको निर्माण व्यवसायी इजाजत पत्र कार्यविधि -२०७५

ख) मध्यनेपाल नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि-२०७५

ग) मध्यनेपाल नगरपालिकामा आयोजना संचालन तथा व्यवस्थापन कार्यविधि -२०७५

निर्णय नं ७

प्रस्ताव नं ७ उपर छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी गरिएको सामाजिक सुरक्षा संचालन कार्यविधि २०७५को व्यवस्था बमोजिम सामाजिक सुरक्षा भत्ता वितरण गर्ने निर्णय गरियो ।

निर्णय नं ८

प्रस्ताव नं ८ उपर छलफल गर्दा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र खुमलटार काठमाण्डौबाट यस नगरपालिकामा तोकिएका संस्थाहरुमा जडान गर्ने गरी प्राप्त १३ थान सोलार सेटहरु सम्बन्धित संस्थामा जडान तथा ढुवानी गर्नका लागि आवश्यक जडान खर्च आ.व. २०७५/७६ को शीर्षक मिल्दो मौज्दात रकमबाट व्यवस्था गर्ने निर्णय गरियो ।

निर्णय नं ९

प्रस्ताव नं ९ उपर छलफल गर्दा यस नगरपालिकाको लागि आवश्यक तपशिलका प्राविधिक कर्मचारीहरु तथा स्वास्थ्य संस्था, आयुर्वेद औषधालय तर्फका स्वीकृत रिक्त दरबन्दीहरुमा करार पदपूर्ति गर्न विज्ञापन गर्ने निर्णय गरियो ।

क) सव-इन्जिनियर - १ जना

ख) असिष्टेन्ट सव इन्जिनियर - १ जना

ग) अ.हे.व. - ४ जना

घ) अ.न.मी. -२ जना

ङ) आयुर्वेद औषधालय कार्यालय सहयोगी - १ जना

च) बाँग्रेबेशी शहरी स्वास्थ्य केन्द्रमा कार्यालय सहयोगी - १ जना

निर्णय नं १०

प्रस्ताव नं १० उपर छलफल गर्दा यस नगरपालिका अर्न्तगत वडा नं ९ बाँग्रेबेशी शहरी स्वास्थ्य केन्द्र र वडा नं ८ मजुवा बेशी सामुदायिक स्वास्थ्य इकाई आ.व.२०७५/७६ को सशर्त विनियोजन बजेटबाट थप हुन भएकोले सर्वसम्मतबाट निर्णय गरियो ।